

: nepalsk

Informasjon til asylsøkere i Norge

NOAS

# नर्वेमा

## शरणार्थीआवेदकहरूका लागि जानकारी

यो ब्रोसर शरणार्थी आवेदकहरूका लागि नर्वेजियन संस्था NOAS द्वारा तयार पारिएको हो।

NOAS शरणार्थीहरूलाई सूचना एवम् कानुनी सहयोग उपलब्ध गराउने गैर सरकारी मानवअधिकारवादी संस्था हो।

यो ब्रोसरमा नर्वेमा शरण चाहने शरणार्थी आवेदकहरूका लागि संरक्षण सम्बन्धी महत्वपूर्ण जानकारी समावेश गरिएको छ।

यसमा निम्नकुराहरू पढ्न पाउनु हुनेछ:

- संरक्षणको अधिकार कसलाई हुन्छ?
- मानवीयताको आधारमा कसले आवासीय अनुमति पाउन सक्छ?
- तपाईको शरणको आवेदन कुन देशले हेर्दछ?
- नर्वेमा तपाइँको शरणार्थी आवेदन पत्र कसले हेर्छ?
- तपाईले संरक्षणका लागि आवेदन दिनुभयो भने के हुन्छ?
- शरणार्थी अन्तर्वार्ता सम्बन्धी लागि महत्वपूर्ण सुझाब
- शरणार्थी आवेदकको नाताले तपाईको कर्तब्य र अधिकार
- गोपनीयता

## 1. संरक्षणको अधिकार कसलाई हुन्छ?

यदि तपाई स्वदेश फर्कँदा गम्भीर घेराबन्दी वा यातनामा वा मारिन सक्ने खतरामा हुनुहुन्छ भने संरक्षणको अधिकार तपाई जस्तै शरणार्थी आवेदकलाई छ । यदि तपाई स्वदेश फर्कँदा तपाईको देशको सरकारले संरक्षण दिन सक्छ वा तपाईको देशमा तपाईका लागि सुरिक्षत स्थानको प्रत्याभूति छ भने सामान्यतया तपाईलाई नर्वेमा शरणार्थी संरक्षणको अधिकार हुदैन।

कसलाई संरक्षणको अधिकार छ भन्ने निर्णय लिन अन्तर्राष्ट्रिय सम्भौताहरूमा आधारित छन । जुन सम्भौताहरूको नर्वेले पालना गर्नु पर्ने कटिवद्रता हुन्छ।

## 2. मानवीयताको आधारमा कसले आवासीय अनुमति पाउन सक्छ?

यदि तपाईसँग शरणार्थी संरक्षणको दावी गर्ने अधिकार छैन भने गम्भीर मानवीयताको आधारमा वा नर्वेसँगको विशेष सम्बन्धका आधारमा तपाई आवासीय अनुमतिको लागि हकदार हुन सक्छ वा सक्दैन भन्नेबारे प्रशासनले आवश्यक मूल्याङ्कन गर्नेछ । यसलाई मानवीयताको आधारमा आवासीय अनुमतिको योग्यता भनिन्छ ।

यस्तो आवासीय अनुमति पाउनका लागि सामान्यतया तपाईसँग मान्यताको राहदानी हुनुपर्छ । यदि तपाईले प्रशासनसमक्ष राहदानी पेस गर्न सक्नु भएन भने तपाईको आवेदन रद्द हुनेछ वा सीमित किसिमको आवासीय अनुमति उपलब्ध गराइनेछ जसले गदाँ तपाईलाई न त स्थायी आवासीय अनुमति वा परिवार सहितको आप्रवासनको अनुमतिको अधिकार नै मिल्दछ ।

## 3. तपाईको शरणार्थीको आवेदन कुन देशले देशले हेदर्छ?

नर्वेमा संरक्षणका लागि आवेदन दिने जो कोहीको आवेदनमाथि नर्वेमै कार्वाही हुन्छ भन्ने छैन । डब्लिन संझौता युरोपियन देशहरूबीचको आबद्धता हो जसले शरणार्थीहरूका आवेदनमाथि डब्लिन संझौताको दायराभित्र पर्ने कुनै एउटा देशले मात्र निवेदन हेदर्छ।

निम्न कुराका आधारमा डब्लिन संझौताले समेटेका कुनै युरोपियन देशमा तपाईको आवेदनमाथि कार्वाही हुनसक्नेछ:

- तपाईको औंलाका छापहरू - (ल्याप्चे) परेको छ भने
- तपाईले शरणको आवेदन दिएको छ भने
- तपाईको राहदानीमा भिसा अथवा आवासीय अनुमति छ भने
- तपाईको नजिकको नातेदार छ भने

**तपाईलाई अर्को देशमा स्थानान्तरण गर्ने वा नगर्ने भनेर जाँचबुझ र निर्णय गर्न नर्वेजियन प्रशासनलाई दुईदेखि छ महिनासम्म लाग्छ।**

यदि तपाईलाई थप जानकारीको आवश्यकता पर्छ भने NOAS बाट डब्लिन संझौताको अलग्गै ब्रोसर लिन सक्नुहुनेछ ।

## 4. तपाईको शरणको आवेदन नर्वेमा कसले हेर्छ?

नर्वेजियन अध्यागमन विभाग (UDI) नर्वेजियन सरकारकै एउटा निकाय हो । विभागका कर्मचारीबाट तपाईको अन्तर्वार्ता लिइने छ र तपाई आवासीय अनुमतिका लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्णय गरिनेछ । UDI ले सबैका शरणका आवेदनहरू सावधानीपूर्वक जाँचेर UDI कै मापदण्डका आधारमा आवेदनमाथि आवश्यक कार्वाही गर्नेछ।



## 5. तपाईले संरक्षणका लागि आवेदन दिनुभयो भने के हुन्छ?

**तपाईले शरणार्थी आवेदकको‌रूपमा प्रहरीमा दर्ता गर्नु प्रनेछ**

प्रहरीले तपाईको तस्बिर र ल्याप्चे लिनेछ । उनीहरूले तपाईको परिचय, तपाई नर्वेमा कसरी ऑउनु भयो भनेर सोध्नेछन् । UDI ले किन संरक्षणको लागि आवेदन दिँदै हुनुहुन्छ भनेर सोध्नेछन् । यदि तपाईसँग साथमा परिचय पत्र छ भने दर्ता गर्ने समयमा तपाईले यी कागजहरू पेस गर्नुपर्नेछ ।

**तपाईलाई प्रतीक्षा केन्द्रमा लगिनेछ**

रजिष्ट्रेसन भएपछि तपाईलाई प्रतीक्षा केन्द्रमा लगिनेछ । अर्को अस्थायी वा सामान्य प्रतीक्षा केन्द्रमा जाने ब्यवस्था नभएसम्म तपाईले यस ठाउँमा केही दिन बस्नु पर्नेछ । केन्द्रमा तपाईले पालन गर्नु पर्ने कर्तब्य र अधिकारका बारेमा केन्द्रका कर्मचारीले थप जानकारी दिनेछन्।

**तपाईलाई (ट्युबरक्युलोसिसको) क्षयरोगको जाँच गरिनेछ**

प्रतीक्षा केन्द्रमा बसेको सुरुका दिनहरूमा तपाईलाई ट्युबरक्युलोसिसको क्षयरोगको जाँच गरिनेछ । यो सबैलाई अनिबार्य रूपमा लागु हुनेछ । यदि तपाईमा उपचार गरिहाल्नु पर्ने गम्भीर प्रकारको रोग देखियो भने तपाईले उपचार केन्द्रमा खबर गर्नुपर्नेछ ।

**NOAS बाट तपाईले जानकारी र आवश्यक निर्देशन पाउनुहुनेछ**

प्रतीक्षा केन्द्रमा बसेको सुरुका दिनहरूमा NOAS बाट आवश्यक जानकारी पाउनुहुनेछ । NOAS नर्वेमा शरणग्राही शरणार्थी अधिकार सम्बन्धी काम हेर्ने मानवअधिकारवादी गैरसरकारी संस्था हो । प्रतीक्षा केन्द्रमा शरणग्राहीलाई आवश्यक सूचना र निर्देशन उपलब्ध गराउनु NOAS को दायित्व हो ।
शरणका प्रक्रियाबारे तपाईलाई सूचना चलचित्र देखाइनेछ र NOAS का कर्मचारीसँग छलफल गराइनेछ । छलफलको उद्धेश्य UDI सँगको अन्तर्वार्ताका लागि तयार पार्नु हो । संरक्षणका लागि निवेदन गर्दा कुनै प्रश्न सोध्नुपरेमा तपाईले छलफलको सहयोग लिनु महत्वपूर्ण हुन्छ । छलफल तपाईले राम्रोसँग बुझ्ने भाषामा हुनेछ ।



डब्लिन सम्झौता अनुसार तपाईलाई अन्य कुनै युरोपियन देशमा सार्ने सम्भावना छ भने सही सूचना पाउनका लागि तपाईले यो कुरा राख्नु महत्वपूर्ण हुन्छ ।
NOAS का कर्मचारी ले गोपनीयताको जिम्मेवारी बहन गरेको हुन्छ ।

**UDI द्वारा तपाईको अन्तर्वार्ता लिइनेछ**

शरणका लागि दिइने अन्तर्वार्ता भनेको तपाई ले संरक्षणका लागि किन आवेदन गर्दै हुनुहुन्छ भन्ने कुरा बुझाउने सबैभन्दा महत्वपूर्ण अवसर हो । शरणका लागि अन्तर्वार्ता सामान्यत धेरै घण्टासम्म जारी रहन्छ । आफ्नो अनुभवका बारेमा र तपाई आफ्नो देश फर्किनु परेमा के कुराको डर छ भन्नेबारे विस्तृत रुपमा बताउनुहोस । अन्तर्वार्ताको बेलामा दोभाषे उपस्थित हुन्छ । दोभाषेले गोपनीयता तथा निष्पक्षता बहन गरेको हुन्छ । के भनिँदै छ भन्ने कुरा बुझ्न समस्या भएमा तुरुन्तै अन्तर्वार्ताकारलाई भन्नुहोस् ।
अन्तर्वार्ताको अन्त्यमा ऑफुले भनेका कुराहरूका ऑधारमा लेखिएको एउटा प्रतिवेदनमा तपाईले सही गर्नुपर्नेछ । दोभाषेले तपाईका लागि त्यो प्रतिवेदन पढिदिनेछ । प्रतिवेदनमा केही कुरा परिवर्तन गर्न मन लागेमा सही गर्नुअघि भन्नुहोस् ।

**UDI को प्रत्युत्तर पर्खेर बस्दा तपाईले सामान्य प्रतीक्षा केन्द्रमा गई बस्नुपर्नेछ**

यो प्रतीक्षा केन्द्रको बसाइ निशुल्क हो । तपाई चाहनुहुन्छ भने UDI बाट प्रत्युत्तर पर्खंदा व्यक्तिगत हिसाबले बस्न सक्नुहुन्छ तर त्यो अवधीमा तपाईले कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्नुहुने छैन । यदि तपाई अन्तै जानुहुने भयो भने प्रतीक्षा केन्द्रलाई खबर गर्नुहोला जसले तपाईको नयाँ ठेगानाको दर्ता गर्नेछ । तपाईको नयाँ ठेगाना दर्ता हुनु महत्वपूर्ण हुन्छ किनभने यसले तपाईसम्म खबर पुर्‍याउने UDI को प्रकृयामा सहयोग गर्छ ।

**नयाँ जानकारी**

अन्तर्वार्तापछि शरणार्थी आवेदन सम्बन्धी महत्वपूर्ण नयाँ सूचना प्राप्त गर्नुभएमा तुरुन्त UDI लाई खबर गर्नुहोस् । पहिले नै यो जानकारी किन समावेश गर्न सकिएन त्यसका बारेमा प्रष्ट पार्नुहोस् । यो कसरी गर्ने भन्नेबारे केन्द्रका कर्मचारीले थप ब्याख्या गरिदिनेछन् ।

**तपाईले UDI बाट आउने प्रत्युत्तर पर्खनुहुनेछ**
UDI ले शरणार्थी आवेदनमाथि आवश्यक कार्वाही गर्न केही हप्तादेखि वर्षदिनभन्दा बढी समय लिन सक्छ । तपाईले दिएको सूचना सही छ कि छैन भन्ने छानबिन गर्न UDI ले लामो समय लगाउन सक्छ । यो किनपनि हुनसक्छ भने UDI ले तपाईको देशको परिस्थिति छानबिन गरिरहेको छ वा UDI बाट प्रत्युत्तर पर्खेर बस्ने मानिसहरू धेरै छन् ।

## तपाईले UDI बाट प्रत्युत्तर पाउनुहुनेछ: आवासीय अनुमति वा अस्वीकार

**आवासीय अनुमति**
यदि तपाईले आवासीय अनुमति प्राप्त गर्नुभयो भने स्थानीय नगरपालिकामा बसो-बासको प्रबन्ध प्राप्त गर्नुहुनेछ । तपाईले यसबारे विस्तृत जानकारी प्रतीक्षा केन्द्रमा प्राप्त गर्नुहुनेछ ।

**अस्वीकार**
तपाईको निवेदनको निर्णय अस्वीकार भएमा तपाईसँग अपिल गर्ने अधिकार छ । पुनरावेदनसम्बन्धी सहयोगका लागि तपाईले निशुल्क वकिल, सिमित समय, सामान्यतया 5 घण्टाको वकिल पाउनुहुनेछ । तपाईले तीन हप्ताभित्र अपिल गर्नुपर्नेछ । अपिल आवेदनमाथिको प्रकृया चलिरहदा प्राय:तपाई नर्वेमा बस्न पाउनुहुन्छ तर UDI लाई तपाईको निवेदन आधारहीन छ भन्ने लागेमा यो अनुमति पाउनुहुन्न ।

**नर्वेजियन अध्यागमन पुनरावेदन परिषद् (UNE)**
UNE ले तपाईको पुनरावेदन माथि विचार गर्नेछ । UNE ले छलफलका लागि वा अतिरिक्त जानकारी लिनका लागि तपाईलाई बोलाउन सक्नेछ ।

**यदि तपाईको निवेदन अस्वीकृत भएमा आफ्नो देश फर्कनु तपाईको कतर्व्य हुनेछ**
प्रहरीले तोकेको म्यादभित्र, सामान्यतया दुई हप्ताभित्रमा तपाईले अनिवार्य रुपमा स्वदेश फर्किसक्नुपर्नेछ । यदि यो म्याद नाघेमा तपाईले नर्वेमा बस्ने कानुनी अधिकार पाउनुहुनेछैन ।
यदि तपाईले अन्तिम अस्वीकृति प्राप्त गर्नुभयो भने अर्थात UNE ले UDI को अस्वीकृतिलाई सदर गऱ्या भने तपाईले कि त स्वइच्छाले अन्तर्राष्ट्रिय ऑप्रवास संगठन (IOM) सँग स्वैच्छाले फर्कन सक्नुहुन्छ वा प्रहरीको निरीक्षाणामा जबर्जस्ती देशबाहिर निकालिनेछ (जबर्जस्ती फिर्ता)।

**IOM सँग स्वैच्छिक फिर्ता**
तपाईको स्वदेश फिर्ताका लागि नर्वेजियन सरकारले व्यवस्था गर्नेछ । यहाँ स्वैच्छिक फिर्ता भनेको नर्वेको स्वैच्छिक फिर्ती कार्यक्रम (VARP) संग तपाई सहभागी भई ऑफ्नो देश फर्कनु हो ।

VARP भनेको UDI र IOM मिलेर गरेको को एउटा सहकार्य हो जसले तपाईको स्वदेश फिर्तीको व्यवस्थापन गर्छ । जव तपाई स्वेच्छाले ऑफ्नो देश फर्कनु भयो भने लागेको खर्च नर्वेजियन सरकारले व्यहोरने छ ।

सबै नर्वेका विना अनुमति आवासीयले स्वैच्छिक फिर्ताका लागि निवेदन गर्न सक्नेछन् । तपाईको शरणार्थी आवेदन को निर्णय अस्वीकृत भयो भने तपाईसँग नर्वे छाड्ने सिमित अवधि हुन्छ । यदि तपाई स्वैच्छाले फर्किन चाहनुहुन्छ भने तपाईले शरणार्थी आवेदन अस्वीकृत हुनासाथ IOM लाई निवेदन पठाउनुपर्छ । तपाईको निवेदन स्वीकृत भयो भने IOM ले तपाईलाई निर्देशित गर्नेछ र यात्रा-कागजात र टिकट बुकिङमा



मद्धत गर्नेछ । IOM सँग यात्रा गर्नका लागि तपाईसँग तपाईको देशको प्रशासनले जारी गरेको (Valid passport) मान्यताको राहदानी वा अन्य यात्रा-कागजात हुनुपर्छ । यदि तपाईसँग मान्यताको राहदानी वा यात्रा-कागजात छैन भने IOM ले यी कागजात प्राप्त गर्न तपाईको नजिकको दूतावास / कन्सुलेट मार्फत निवेदन दिन सहयोग गर्नेछ । तपाई चाहानुहुन्छ भने यात्राको दौरानमा र स्वदेश आइपुग्दासम्म IOM ले सहयोग गर्नेछ ।

IOM, UDI को क्षेत्रीय कार्यालय, वा प्रतीक्षा केन्द्रबाट स्वैच्छिक फिर्ताका बारेमा विस्तृत जानकारी र निवेदन फारम भर्न सहयोग प्राप्त गर्न सक्नुहुनेछ ।

**जबर्जस्ती फिर्ता**

यदि अन्तिम अस्वीकृतिपछि पनि तपाई आप्नो देशमा स्वेच्छाले फर्कनुभएन भने तपाईको समयावधि सिद्धिएपछि तपाईलाई प्रहरीकोनिरीक्षणमा जबर्जस्ति देश निकाला गर्नेछ ।

प्रहरीको निरीक्षणमा फर्किंदा लाग्ने खर्च तपाई आफैले तिर्नुपर्छ । यदि तपाईले उडान टिकटको खर्च तिर्न सक्नुभएन भने सरकारले तपाईका लागि खर्च हालिदिनेछ तर लागेको खर्च तपाईले पुन तिर्नु पर्नेछ । प्रहरीको निरीक्षणमा फर्किंदा लागेको खर्च तपाईले तिर्नु भएन भने पछिका मितिमा तपाईलाई नर्वे र अन्य युरोपिएन देशका लागि भिसा र प्रवेशाज्ञा पाउनमा रोक लगाइन्छ।

### यदि तपाईले अपराधजन्य काम गर्नुभयो भने

यदि तपाईले अपराधजन्य काम गर्नुभयो भने तपाईको शरणार्थी आवेदनमाथि तुरुन्त कार्वाही हुनेछ यसको मतलब तपाईलाई नर्वे छाड्न तुरुन्त आदेश दिइनेछ । कुनै गैर कानुनी कामगर्नु भयो भने नर्वेबाट निकालिनु हुनेछ जसको मतलब यसपछि तपाई पुन नर्वेमा वा धैरैजसो युरोपियन देशमा प्रवेश पाउन सक्नुहुन्न।

## 6. शरणार्थी अन्तर्वार्ताका लागि महत्वपूर्ण सुझाबहरू

- तपाईले स्वदेश किन छोड्नुभयो र स्वदेश फर्कँदा के हुन्छ भन्ने डर लाग्छ ? यसका बारेमा विस्तृत रुपमा प्रष्ट पार्नुहोस्।
- तपाईले भोगेको, अनुभव गरेको कुरा र फर्किनुपर्यो भने तपाईलाई के हुनसक्छ भन्नेबारे प्रकाश पार्नुहोस्।
- संभव भएसम्म तटस्थ हुनुहोस्।
- आफूसँग 18 वर्ष मुनिका बालबालिका छन् भने उनीहरुको अवस्था र अनुभवबारे भन्नुहोस।
- केही कुरा बुझ्नुभएन भने अन्तर्वार्ताकारसँग त्यसको व्याख्या गरिमाग्नुहोस्।
- शरणार्थी आवेदनसँग सान्दर्भिक र महत्वपूर्ण कागज तपाईसँग छ भने अन्तर्वार्तामा सँगै ल्याउनुहोला।
- साँचो साँचो भन्नुहोस् । यदि तपाईले भनेको कुरा सही निक्लिएन भने परिणामस्वरूप तपाईको शरणार्थी आवेदन खारेज हुनसक्छ । यो स्थितीमा तपाई नर्वेबाट निकालिन सक्नुहुनेछ, जसको परिणाम तपाईले पुनः नर्वेमा वा धैरे जस्तो युरोपियन देशहरुमा प्रवेश पाउनु हुनेछैन।

### महिला शरणार्थी

पुरुषभन्दा महिलामाथि फरक किसिमका उत्पीडन हुन सक्छन् । यी कुरा, विशेष गरी पुरुषसंग, भन्न गाह्रो हुन्छ । तपाईले चाहनुहुन्छ भने NAOS का महिला कर्मचारीसँग कुरा गर्न सक्नुहुनेछ । तपाई यसो गर्न चाहनुहुन्छ भने सूचना फिल्म हेरिसकेपछि सकेसम्म छिटो NAOS लाई सुझाब दिनुहोला।
UDI सँग हुने अन्तर्वार्ताको लागि तपाईले महिला अन्तर्वार्ताकार र महिला दोभाषेको ब्यवस्था मिलाउन भनी अनुरोध गर्न सक्नुहुनेछ। NOAS सँगको छलफलका क्रममा तपाईले यो कुरा भन्न सक्नुहुन्छ।

### तपाईले 18 वर्ष मुनिका बालबालिका आफूसँग ल्याउनुभएको छ?

शरणार्थी अवस्था पत्ता लगाउनका लागि बालबालिकाको अवस्था बुझ्नु महत्वपूर्ण हुन्छ । UDI ले बालबालिकाले शरण पाउने छुट्टै आधार छ कि छैन भनेर हेर्छ र बालबालिकाले आफ्नो जीवनको अवस्थालाई कसरी हेरेका रहेछन् भनेर जान्न चाहन्छ। तपाईले शरणका लागि अन्तर्वार्ताका बेलामा UDI लाई यसबारे भन्नु महत्वपूर्ण हुनेछ।

UDI ले सातवर्ष माथिका बालबालिकाको अन्तर्वार्ता लिनेछ । बालबालिकाले आफ्नो अनुभव आफ्नै शब्दमा भन्न पाउनु महत्वपूर्ण कुरा हो । कहिलेकाहीँ बालबालिकाले ठूला मान्छे भन्दा बढी समस्या भोगेका अनुभव गदर्छन । बालबालिकाले आफैं नचाहेसम्म UDI ले उनीहरुको अन्तर्वार्ता लिनेछैन।

## 7. शरणार्थीरूपमा तपाईको कर्तब्य र अधिकार

**तपाईको परिचयबारे सहयोग पुर्‍याउनु तपाईको कर्तब्य हुनेछ**

नर्वेजियन प्रशासनले तपाई को हो भनेर चिन्नु जरुरी छ । त्यसैले तपाईले आफ्नो परिचय खुल्ने कागजात पेस गर्नु महत्वपूर्ण हुनेछ । यदि तपाई स्वदेशको प्रशासनबाट पीडित हुनुभएको छ भने नर्वेजियन प्रशासनले तपाईलाई त्यस्तो प्रशासनसँग सम्पर्क गरी आवश्यक कागजात मगाउन बाध्य पार्दैन।

नर्वेजियन प्रशासनलाई तपाईको परिचयमाथि शङ्का लागेमा तपाईलाई निम्न जोखिम हुनसक्छ:

- विश्वास योग्य हुनुहुन्न।
- आवसीय सुविधा पाउन सक्ने अवसर न्यून हुनेछ।
- तपाईले अन्य अवस्थामा पाउने अधिकार नपाउने हुन्छ
- सीमित आवासीय अनुमति पाउने

**सत्य विवरण दिनु तपाईको दायित्व हो**

तपाईले शरणार्थीको रुपमा किन संरक्षणको लागि आवेदन गर्दै हुनुहुन्छ भन्ने कुरा प्रष्ट पार्नुपर्नेछ। त्यस्कारण तपाईले आफूसँग भएका आवश्यक कागजातहरु प्रस्तुत गरी सक्दो सहयोग गर्नुपर्नेछ। संरक्षणका लागि निवेदन गर्नुअघि तपाईले जुनसकै कुरा (अरू वाट) सुन्नु भएको भए तापनि शरणार्थीको आवेदनमा तपाईले नर्वेजियन सरकारलाई आफ्नो सही सही पृष्ठभूमिको व्याख्या गर्नु महत्वपूर्ण हुन्छ । गलत विवरण दिनु  भनेको सजायको भोगी हुनु हो । यसले गर्दा देश निकालाको कार्वाहीसम्म हुन सक्नेछ।

**शरणार्थी आवेदनकोअवधिमा तपाईलाई काम गर्ने अधिकार हुन सक्नेछ**

यदि तपाईको निवेदन डब्लिन सम्झैता अन्तर्गत परेको छैन र आफ्नो परिचयको प्रष्ट कागजात पेश गर्नु भयो भने शरणार्थी आवेदनको कार्वाही भइरहेको बेलामा तपाईले काम गर्ने अनुमति पाउन सक्नुहहुनेछ। कामको अनुमति ६ महिनाको लागि मान्य हुनेछ तर नवीकरण हुन सक्नेछ।

**तपाईलाई स्वास्थ्य उपचार को अधिकार हुनेछ**

शरणार्थी आवेदनको प्रक्रिया चलिरहेको समयमा तपाईसँग आवश्यकताअनुसार स्वास्थ्य उपचार पाउने अधिकार हुनेछ । बाह्र वर्ष भन्दा मुनिका बालबालिकाको स्वास्थ्य उपचार निःशुल्क हुन्छ । सामान्यतया नर्वेमा सबैले स्वास्थ्य उपचारका लागि ऑफ्नै भागमा पर्ने खर्च व्यहोरनु पर्ने हुन्छ । यदि तपाईलाई मनोविज्ञको आवश्यकता छ भने त्यस्को खर्चको लागि UDI मा निवेदन दिन सक्नु हुन्छ ।थप जानकारीका लागि प्रतिक्षा केन्द्रका कर्मचारीसँग सम्पर्क राख्नुहोस् । तपाईलाई कुनै गम्भीर स्वास्थ्य  समस्या छ भने UDI लाई जानकारी दिनु होला।

**तपाईले शरणार्थी आवेदन फिर्ता लिन सक्नुहुनेछ**

कुनै पनि समयमा तपाईले शरणार्थी आवेदन फिर्ता लिन सक्नुहुनेछ । जसले गर्दा स्वदेश फर्कन सहयोग माग्दै IOM मा तपाईलाई निवेदन दिन संभब हुनेछ।

## 8. गोपनीयता

प्रहरी, UDI, UNE, दोभाषे, वकील, स्वास्थ्य र NOAS सबैको गोपनीयताको कर्तव्य हो । यो भनेको तपाईको निवेदनबारेको विवरण तपाईको देशको प्रशासनलाई दिन पाउनेछैनन् । तपाईको निवेदनसँग सम्बन्ध नभएका व्यक्तिलाई तपाईले के भन्नुभयो भनेर भन्न पाउनेछैनन् । गोपनीयता कायम गर्ने कर्तव्य भङ्ग गर्नु सजायको भोगी हुनु हो । त्यसैले संरक्षण किन चाहियो भनेर बृहतमा ब्याख्या गर्नलाई कुनै डर मान्नु पर्दैन।

# ठेगाना

### बैदेशिक प्रहरी शाखा (Politiets utlendingsenhet)

प्रहरीले भरखरै आएका शरणार्थी आवेदनको दर्ता गर्दछ ।
प्रहरीले नर्वेमा एक पटक शरणार्थी आवेदन अस्वीकार भइसकेपछि स्वेच्छाले नर्वे नछोड्नेहरूलाई फिर्ता पठाउने काम समेत गर्दछ।

**पत्राचार ठेगाना:** Postboks पोष्टबक्स 8102 Dep., NO-0032 ओस्लो, नर्वे
**भेट्ने स्थान:** Christian Krohgs gate 32, 0186 ओस्लो
टेलिफोन: +47 22 34 24 00, फ्याक्स: +47 22 34 24 80
इमेल: pu@politiet.no

### नर्वेजियन अध्यागमन विभाग (UDI)

एउटा सरकारी निकाय हो जसको कर्तव्यअन्तर्गत शरणार्थी आवेदन, परिवार पुनर्मिलन , भिसा र नागरिकता जस्ता कार्य पर्छन् । प्रतीक्षा केन्द्र हेर्ने जिम्मेवारी पनि UDI कै हो।

**पत्राचार ठेगाना:** Postboks पोष्टबक्स 8108 Dep., NO-0032 ओस्लो, नर्वे
**भेट्ने स्थान:** Hausmannsgt. 21, 0182 Oslo
टेलिफोन: +47 23 35 15 00, फ्याक्स: +47 23 35 15 01
वेभसाइट: www.udi.no, इमेल: ots@udi.no

### अन्तर्राष्ट्रिय आप्रवास संगठन (IOM)

श्वैच्छिक फिर्ती सम्बन्धी जानकारीका लागि

**पत्राचार ठेगाना:** Postboks पोष्टबक्स 8927 Youngstorget NO-0028 ओश्लो, नर्वे
**भेट्ने स्थान:** Storgata 10a, 2nd floor, 0155 ओस्लो
टेलिफोन: +47 23 10 53 20, फ्याक्स: +47 23 10 53 21
इमेल: osloreturn@iom.int

खुल्ने समय: हाप्ताभरि: 10:00 – 15:00, सप्ताहान्त: बन्द

## नर्वेजियन अध्यागमन पुनरावेदन परिषद् (Utlendingsnemnda – UNE)

एउटा अर्ध न्यायिक प्रशासनिक अङ्ग हो जसले UDI द्वारा अस्वीकृत निवेदनहरूका पुनरावेदनसँग सम्बन्धित काम गर्दछ।

**पत्राचार ठेगाना:** Postboks पोष्टबक्स 8165 Dep., NO-0034 ओस्लो, नर्वे
**भेट्ने स्थान:** Stenersgt. 1B/C, 0050 Oslo
टेलिफोन: +47 21 08 50 00, फ्याक्स: +47 21 08 50 01
वेभसाइट: www.une.no, इमेल: postmottak@une.no

## नर्वेजियन रेडक्रस (Norges Røde Kors)

को खोजखबर सेवाले द्वन्द्व, लडाइँ र प्राकृतिक प्रकोपबाट छुट्टिएका परिवारका सदस्यसंग पुनर्मिलन गराउने काममा सहयोग गर्छ।
रेडक्रसले तपाईको बारेको विवरण UDI वा अन्यलाई जानकारी दिंदैन।
यो सेवा नि:शुल्क हो।

**पत्राचार ठेगाना:** Postboks पोष्टबक्स 1 Grønland, NO-0133 ओस्लो, नर्वे
**भेट्ने स्थान:** Hausmannsgt. 7, 0186 Oslo
टेलिफोन: +47 22 05 40 00
वेभसाइट: www.rodekors.no, इमेल: tracing@redcross.no

**NOAS** शरणार्थीहरूलाई सूचना एवम् कानुनी सहयोग उपलब्ध गराउने गैर सरकारी मानवअधिकारवादी संस्था हो।

यो ब्रोसरमा नर्वेमा शरण चाहने शरणार्थी आवेदकहरूका लागि संरक्षण सम्बन्धी महत्वपूर्ण जानकारी समावेश गरिएको छ।

NOAS

**Norsk Organisasjon for Asylsøkere (NOAS)**
**पत्राचार ठेगाना:** Torggata 22, 0183 Oslo
**भेट्ने स्थान:** Postboks 8893 Youngstotget., 0028 Oslo
टेलिफोन: +47 22 36 56 60, फ्याक्स: +47 22 36 56 61
वेभसाइट: www.noas.org, इमेल: noas@noas.org